



## जातिय भेदभावविरुद्ध लड्नमा संयुक्त राष्ट्रसंघका प्रयास

UNITED NATIONS

संयुक्त राष्ट्रसंघद्वारा स्थापित पहिलो सन्धि अनुगमन निकाय जातिय भेदभाव उन्मूलनसम्बन्धी समितिले सबै प्रकारका जातिय भेदभावको उन्मूलन गर्ने दायित्व पुरा गर्न राज्य पक्षले गरेका कार्यको अनुगमन तथा समीक्षा गर्दछ । अन्य सन्धि अनुगमन निकायले पनि राज्य पक्षले मूल मानवअधिकार सन्धिहरुमा अभिपुष्टि गरिए जस्तो गैरभेदभावका सिद्धान्तको सम्मान गरुन् भन्ने कुरा सुनिश्चित गर्ने काम गर्दछन् ।

प्रचलित जातिवाद, जातिय भेदभाव तथा विदेशीप्रतिको घृणा तथा सम्बद्ध असहिष्णुतासम्बन्धी विशेष प्रतिवेदक मानवअधिकार परिषद्‌द्वारा नियुक्त एक स्वतन्त्र विज्ञले प्रतिवेदित सबै घटना वा मुद्दाको छानबिन गर्न राष्ट्रिय अधिकारीहरुलाई उत्प्रेरित गर्नका लागि आरोप पत्र वा जरुरी आह्वान, जानकारी वा आरोपित उल्लङ्घनहरुबारे घटनाका सङ्क्षेप प्रसार गर्दछ ।

सन् २००१ को जातिवाद, जातिय भेदभाव, विदेशीप्रतिको घृणा तथा सम्बद्ध असहिष्णुताविरुद्ध विश्व सम्मेलनले दरबान घोषणापत्र र कार्ययोजना पारित गऱ्यो, जसले जातीय भेदभावमुक्त विश्वतर्फ "मार्गचित्र" उपलब्ध गराउँदछ । सन् २००२ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर)ले भेदभावविरुद्ध इकाई स्थापना गऱ्यो । यसको कार्यादेशमा दरबान घोषणापत्र र कार्ययोजनाका तीनवटा अनुगमन संयन्त्रका लागि सारभूत र सचिवालय सहयोग पर्दछ :

- अफ्रिकाली वंशजका मानिससम्बन्धी विज्ञहरुको कार्यदल
- दरबान घोषणापत्र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनसम्बन्धी अन्तरसरकारी कार्यदल
- स्वतन्त्र प्रतिष्ठित विज्ञहरुको समूह

भेदभावविरुद्ध इकाईले पनि जातिवाद तथा भेदभावसम्बन्धी जानकारी सङ्कलन तथा त्यसको विश्लेषण गर्ने, भेदभावविरुद्ध नीति तथा कानूनको निर्माण र कार्यान्वयन गर्न सदस्य राष्ट्रहरुलाई सघाउने, र भेदभावलाई प्रतिरोध गर्न भेदभावविरुद्ध नीति तथा कानूनको निर्माण र कार्यान्वयन गर्न सरकारलाई सहयोग गर्दछ ।

## जातिय भेदभाव उन्मूलनको अन्तर्राष्ट्रिय दिवस

जातिय भेदभाव उन्मूलनको अन्तर्राष्ट्रिय दिवस हरेक वर्ष मार्च २१ तारिखमा मनाइन्छ । सन् १९६० को त्यस दिनमा दक्षिण अफ्रिकाको शार्पभिल नगरमा रङ्गभेदी कानूनविरुद्ध भएको एक शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरीले गोली चलायो र ६९ जनालाई माऱ्यो तथा ३०० भन्दा बढी मानिसलाई घाइते बनायो । सन् १९६६ मा संयुक्त राष्ट्रसंघको महासभाले शार्पभिलमा भएको दुःखान्त घटनाको स्मरण गर्न मार्च २१ तारिखलाई जातिय भेदभाव उन्मूलनको अन्तर्राष्ट्रिय दिवसको रुपमा घोषणा गऱ्यो । त्यसयता मार्च २१ तारिखले अन्तर्राष्ट्रिय समुदायले जातिवादका भयानक परिणामबारे मात्र स्मरण गराएको छैन, जातिय भेदभावविरुद्ध लड्नका लागि हाम्रो दायित्व र अठोटको याद पनि दिलाएको छ ।

### ओएचसीएचआरबारे

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर)ले मानव प्रतिष्ठाका विश्वव्यापी आदर्शहरुप्रति विश्वको प्रतिबद्धताको प्रतिनिधित्व गर्दछ । यसलाई अन्तर्राष्ट्रिय समुदायद्वारा सबै मानवअधिकारका प्रवर्द्धन तथा संरक्षण गर्ने अद्वितीय कार्यादेश दिएको छ मानवअधिकार उच्चायुक्तको नेतृत्वमा - संयुक्त राष्ट्रसंघको प्रमुख मानवअधिकार अधिकारीको रुपमा सन् १९९३ मा महासभाद्वारा स्थापना गरिएको पद - ओएचसीएचआरले नेतृत्व प्रदान गर्दछ, वस्तुनिष्ठ रुपले काम गर्दछ, ज्ञान उपलब्ध गराउँदछ र मानवअधिकार कायम राख्नमा व्यक्तिको सशक्तिकरण तथा राज्यलाई सहयोग गर्दछ । आफ्नो अद्वितीय पहुँचमार्फत् विश्वभर मानवअधिकारको प्रवर्द्धन तथा कार्यान्वयन गर्ने कार्यमा सघाउन ओएचसीएचआरले सरकारहरुसँग मिलेर काम गर्नुका साथै तिनलाई सहयोग उपलब्ध गराउँछ, र मानवअधिकार उल्लङ्घन हुँदा वस्तुनिष्ठ रुपले आफ्ना विचार अगाडि राख्दछ । जेनेभामा प्रधान कार्यालय भएको, यो कार्यालय ४० भन्दा बढी देशमा पनि उपस्थित रहेको छ । थप जानकारीका लागि, www.ohchr.orgमा हेर्नुहोला ।

सोधपुछका लागि :
ओएचसीएचआर - नेपाल
प्रधान कार्यालय । सिद्ध बिल्डिङ, म्यूजियम रोड, छाउनी । पोष्ट बक्स : २४४२५, काठमाडौं
फोन : ०१ ४२८०१६४ । फ्याक्स : ४६७०७१२ । इमेल : registry.np@ohchr.org



## जातिवाद तथा भेदभाव विकासका अड्चनहरु

**जातिय भेदभाव उन्मूलनको अन्तर्राष्ट्रिय दिवस**
**सन् २००७ मार्च २१ तारिख**

संयुक्त राष्ट्रसंघीय
मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

जातिवाद, जुनसुकै अभिव्यक्तिबाट भएको भए पनि – चाहे, प्रत्यक्ष अन्तरक्रियाका क्रममा सुक्ष्म ढङ्गले, प्रष्ट रुपमा आक्रामक र हिंसात्मक व्यवहार, वा सामाजिक बहिष्करण तथा अवसरहरुमा पहुँचको अस्वीकृतिबाट – विकासका लागि एउटा ठूलो अड्चन हो । जातिवाद तथा अन्य प्रकारका भेदभावसँग लड्ने कार्य २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरु (एमडीजी) हासिल गर्ने प्रयासका अभिन्न अङ्ग हुनुपर्दछ ।



## जातिय भेदभाव र विकास

समानता र गैरभेदभावका सिद्धान्तहरु अन्तर्राष्ट्रिय मानवअधिकार कानूनका सबैभन्दा आधारभूत तत्वहरुमध्येका हुन् । जातिय भेदभाव मानवअधिकारको उल्लङ्घन हो । जातिय भेदभावको प्रतिषेध अन्तर्राष्ट्रिय कानूनको अपरिहार्य मान्यता हो जसबाट कुनै पनि अवज्ञा इजाजत हुँदैन । जातिवादसँग लड्ने दायित्व सबै राज्यका लागि बाध्यकारी हुन्छ, चाहे तिनले सबै प्रकारका जातिय भेदभावको उन्मूलनसम्बन्धी (आइसीआरडी) अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गरेका छन् वा छैनन् ।

विकास प्रत्येक व्यक्तिको सक्रिय स्वतन्त्र र अर्थपूर्ण सहभागिता तथा उपलब्ध स्रोतको उचित वितरणको आधारमा सम्पूर्ण जनताको भलाईमा निरन्तर सुधार ल्याउने उद्देश्य राखे एउटा वृहत् आर्थिक, सामाजिक तथा राजनीतिक प्रक्रिया हो । जातिवाद तथा अन्य प्रकारका भेदभाव मानवअधिकार उल्लङ्घन मात्र होइनन् विकास हासिल गर्नमा ठूला अड्चन पनि हुन् ।

त्यस्ता अड्चनहरु जातिय तनावबाट उत्पन्न भएका स्थानीय, राष्ट्रिय र क्षेत्रीय विकास विथोल्ने द्वन्द वा जोखिमी समूहहरुको सीमान्तीकरण हुन सक्छन् जसबाट विकासका अवसरहरु गुमेका हुन्छन् । जातिय भेदभाव र गरिबीले प्रायः दुश्चक्रको निर्माण गर्दछन् । धेरै घटनामा जातिवाद, जातिय भेदभाव, विदेशीप्रतिको घृणा तथा सम्बद्ध असहिष्णुताबाट पीडित व्यक्तिहरु सबैभन्दा गरिबमध्येका भएको कुरा अनुभवले देखाउँछ ।

जातिय भेदभाव उन्मूलन गर्ने कार्य सामाजिक संशक्ति तथा विकास प्रवर्द्धन गर्दछ । वास्तवमा, भेदभावविरुद्ध लड्नाले द्वन्द तथा सामाजिक अशान्ति हुन नदिन सहयोग गर्दछ र आर्थिक वृद्धिमा योगदान पुर्‍याउँदछ । समानता सामाजिक सामान्जस्यताका लागि आधारभूत कुरा हो ; सुशासनको प्रवर्द्धन, दिगो विकास तथा उपलब्ध स्रोतको उचित बाँडफाँडका लागि अत्यावश्यक छ । समानता र विकासले एक अर्कालाई प्रबल गर्दछन् ।

## जातिवाद र भेदभावले गरिबीलाई झन् बढाउँछ

जातिवाद र भेदभावविरुद्ध लड्ने कार्य छनौट होइन बरु दायित्व हो । जातिवाद, जातिय भेदभाव, विदेशीप्रतिको घृणा तथा सम्बद्ध असहिष्णुताविरुद्ध विश्व सम्मेलनको क्रममा सन् २००१ मा पारित डरबान घोषणापत्रले गरिबी, सीमान्तीकरण, सामाजिक बहिष्करण र आर्थिक असमानताहरुले "जातिवादी मनोवृत्ति र व्यवहारहरु जसले थप गरिबी पैदा गर्दछन् तिनको निरन्तरतालाई योगदान पुर्‍याउँदछ" भन्ने कुरालाई स्वीकारेको छ ।

धनी र गरिब देशहरु दुवैको अन्तर्राष्ट्रिय समुदायले सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरु (एमडीजी)मा पुग्ने कोशिश गरिरहेकाले जातिवाद र भेदभावका सबै स्वरुपले हाम्रा उपलब्धिहरुलाई निरन्तर पछाडि धकेलिरहेका छन् भन्ने कुरालाई प्रत्येकले दिमागमा राख्नुपर्दछ ।

### जातिवाद र भेदभावले द्वन्दलाई जन्माउँछ

द्वन्दले विकासका उपलब्धिहरुलाई अपरिहार्य रुपले उल्टो दिशातिर लैजान्छ । विश्व बैंकका अनुसार, विश्वका २० वटा सबैभन्दा गरिब मुलुकहरुमध्ये ८० प्रतिशतले विगत १५ वर्षयता कुनै समयमा सशस्त्र द्वन्द भोगेका छन् । सशस्त्र द्वन्दबाट पार पाइरहेका मुलुकहरुमा पहिलो पाँच वर्षभित्र अशान्ति पुनः फैलने सम्भावना ४४ प्रतिशत रहेको अनुमान गरिएको छ । द्वन्दपूर्वको जीवनस्तर बाली पुनः स्थापना गर्नलाई एक पुस्ता वा बढी समय लाग्नसक्छ । सन् २००१ को जातिवाद, जातिय भेदभाव, विदेशीप्रतिको घृणा तथा सम्बद्ध असहिष्णुताविरुद्ध विश्व सम्मेलनको क्रममा, अन्तर्राष्ट्रिय समुदायले जातिय भेदभाव "सशस्त्र द्वन्दका मूल कारणहरुमध्येको" हो भन्ने कुरा स्पष्ट रुपले स्वीकार गर्‍यो ।

## जातिवाद र भेदभावले आर्थिक वृद्धिलाई सीमित गर्दछ

जातिय भेदभावबाट पीडित भएका मानिस लगायत, भेदभावबाट पीडित भएका मानिसहरु आफ्ना समाजमा सीमान्तकृत गरिएका छन् र आफ्ना पूर्ण क्षमता प्राप्त गर्न तथा आर्थिक वृद्धिमा योगदान पुर्‍याउनमा समान अवसर दिएका छैनन् । मानवअधिकारमा आधारित विकास पद्धतिले सबै मानिसलाई आर्थिक वृद्धिमा योगदान पुर्‍याउन र त्यसका फाइदा उपभोग गर्न थोइन सशक्तिकरण गर्दछ ।

### जातिवाद र भेदभावले सुशासनलाई बाधा पुर्‍याउँदछ

आर्थिक वृद्धि सुशासनविना अप्राप्य हुन्छ । सुशासन सहभागितामूलक, पारदर्शी, जवाफदेही, प्रभावकारी तथा समदर्शी हुन्छ र यसले कानूनी शासनलाई प्रवर्द्धन गर्दछ । सुशासनले राजनीतिक, सामाजिक, कानूनी तथा आर्थिक प्राथमिकताहरु समाजको व्यापक सहमतिमा आधारित हुन् र सबैभन्दा गरिब तथा सबैभन्दा जोखिमी मानिसका आवाजहरु सुनियोस् भन्ने कुरालाई सुनिश्चित गर्दछ । नीति र कानूनहरुको तर्जुमा, कार्यान्वयन र अनुगमनमा गरिबको सक्रिय तथा सुसूचित सहभागिता अति आवश्यक छ । डरबान घोषणापत्रले उल्लेख गरेजस्तो, संस्थाहरुले जनताका बहुजातिय, बहुसाँस्कृतिक तथा बहुभाषिक विशेषताहरुलाई प्रतिबिम्बित गर्नुपर्दछ ।

### नेपालमा जातिवाद र भेदभाव

जात, जाति, लिङ्ग, भौगोलिक तथा अन्य कुराका आधारमा भएको भेदभावले लाखौं लाख नेपालीलाई राजनीतिक प्रक्रिया तथा राजकीय संस्थाहरुमा पूर्ण सहभागिता एवं आवास, शिक्षा, स्वास्थ्य, जमिन तथा अन्य यस्ता अधिकारबाट सीमान्तकृत तथा बहिष्कृत गरेको छ । यस्ता भेदभावको अन्त्य गर्न केही कानून पारित गरिएका छन्, उदाहरणार्थ, "छुवाछुत"लाई अपराधकृत गरेर तथा सम्पत्ति अधिकारको सम्बन्धमा लैङ्गिक समानतामा सुधार गरेर, तर थप सुधारहरु आवश्यक छन् र कार्यान्वयन समस्यापूर्ण रहेको छ ।

मधेशी, दलित, जनजाति र महिलालगायत ऐतिहासिक रुपले बहिष्कृत धेरै समूह भेदभावविरुद्ध आफ्ना आवाजहरु उठाउन शान्ति प्रक्रियाको प्रयोग गरिर हेका छन् र उनीहरुले आगामी निर्वाचन प्रक्रियालाई आफ्नो बहिष्करणलाई सम्बोधन गर्ने महत्वपूर्ण कदमको रुपमा लिएका छन् ।